# प्रदेश सरकार
# प्रदेश नं.२
# भौतिक पुर्वाधार विकास मन्त्रालय
# जनकपुरधाम, धनुषा

## सम्भाव्य लक्षित बर्गको लागि घरेलु सौर्य ऊर्जा प्रणाली जडानको लागि निवेदन आव्हान गरिएको सुचना

सुचना प्रकाशित मिति : २०७६/०२/२८

प्रदेश सरकारले वा यस मन्त्रालयले आ.व.२०७६/७७ को लागि घरेलु सौर्य ऊर्जा प्रणाली जडान कार्यक्रम अन्तर्गत घरेलु सौर्य ऊर्जा प्रणाली जडान गर्ने लक्ष्य तय गरेको छ। यस कार्यक्रम कार्यान्वयनको लागि निम्न सर्तहरु पुरा भएका घरधुरीहरुले आ-आफनो घरमा घरेलु सौर्य ऊर्जा प्रणाली जडान गर्न स्थानीय तह (वड, गाउँपालिका, महा/उप/नगरपालिका) मार्फत वा सिधै यस मन्त्रालयमा आईपुग्ने गरी मिति २०७६/०३/२८ गते भित्र निम्न ठेगानमा निवेदन पेश गर्न हुन सम्बन्धित सबैका लागि र स्थानीय तहहरु लाई समेत सहयोगको लागि यसै सुचना मार्फत अनुरोध गरिएको छ।

**शर्तहरु**

- हाल सम्म राष्ट्रिय प्रशारण लाइन तथा अन्य कुनै प्रकारको विद्युत सेवा नपुगेको हुनुपर्ने छ।
- सौर्य ऊर्जा प्रणाली जडान गर्ने घर आफ्नै स्वामित्वमा रहेको हुनुपर्ने छ।
- भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२ तथा अन्य कुनै निकायबाट अनुदान रकम नलिएको हुनुपर्ने छ।
- एकल महिला, गरीब, अति विपन्न, दलित तथा लोपन्नमुख घरधनीले थप अनुदान मागँ गर्न आफू एकल महिला, गरीब, अति विपन्न, दलित तथा लोपन्मुख समूहमा पर्ने स्थानीय तहको सिफारिस पेश गर्नुपर्ने छ।

रीतपूर्वक वा म्यादभित्र प्राप्त नभएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ। निवेदकले पेश गर्नुपर्ने निवेदनको ढाँचा यस मन्त्रालयबाट नि.शुल्क प्राप्त हुने वा मन्त्रालयको वेवसाईट **www.mopid.p2.gov.np** बाट समेत डाउनलोड गरी प्राप्त गर्न सकिने छ।


निवेदन पेश गर्ने ठेगाना

भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं.२

उर्जा शाखा

जनकपुरधाम, धनुषा,

फोन नं.९८५१२३३६७४